प्रारम्भिक प्रतिवेदन

# संघीयता कार्यान्वयन सम्बन्धी प्रतिवेदन




नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरवार, काठमाडौं

२०७२

# विषयसूची


| | | |
|---|---|---|
| भाग – १ | परिचय | १ |
| १.१ | पृष्टभूमि | १ |
| १.२ | अध्ययनको कार्यशर्त र कार्यदलको गठन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययन विधि | ३ |
| भाग – २ | विद्यमान अवस्थाको विश्लेषण | ४ |
| २.१ | पर्यटन क्षेत्र | ४ |
| २.२ | हवाई नागरिक उड्डयन क्षेत्र | ४ |
| २.३ | संस्कृति क्षेत्र | ५ |
| २.४ | कार्य विभाजन नियमावली २०७२ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र | ५ |
| २.५ | हालको कार्य प्रकृति विश्लेषण | ६ |
| २.६ | यस मन्त्रालयसँग सम्बन्धित ऐनहरु | ८ |
| २.७ | यस मन्त्रालयसँग सम्बन्धित नीतिहरु | ९ |
| २.८ | यस मन्त्रालयसँग सम्बन्धित नियमहरु | ९ |
| २.९ | यस मन्त्रालयसँग सम्बन्धित गठन आदेशहरु | ९ |
| २.१० | यस मन्त्रालय र अन्तर्गत रहेका निकायहरु | १० |
| २.११ | मन्त्रालय अन्तर्गत प्रतिष्ठान, कोष, बोर्ड, संस्थानहरु | ११ |
| २.१२ | यस मन्त्रालय अन्तर्गत रहेका विकास समितिहरु | १२ |
| भाग – ३ | नेपालको संविधानमा यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित व्यवस्थाहरु | १४ |
| भाग – ४ | कार्य विभाजन गर्दा अवलम्बन गर्नुपर्ने सिद्धान्तहरु | १७ |
| भाग – ५ | कार्य विश्लेषण तथा तहगत बाँडफाँड | १८ |
| ५.१ | कानूनी सुधार | १८ |
| ५.२ | नीतिगत पक्षमा गर्नुपर्ने सुधार | १८ |
| ५.३ | संगठनात्मक सुधार : | १९ |
| ५.४ | संघ, प्रदेश तथा स्थानीय सरकार बीच हुने कार्यगत जिम्मेवारीको बाँडफाँड | २० |
| ५ ५ | निष्कर्ष | २३ |

**भाग - १**

# परिचय

## १.१ पृष्टभूमि

प्राकृतिक सौन्दर्य, साँस्कृतिक तथा भौगोलिक विविधताले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । तुलनात्मक र प्रतिस्पर्धात्मक लाभका दृष्टीले मुलुकको आर्थिक विकासको एक प्रमुख आधार रहेको पर्यटन क्षेत्रले आर्थिक कृयाकलाप बृद्धि गरी समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पु-याउँदै आएको छ । अभूतपूर्व रुपमा मुलुकमा भएको राजनीतिक परिवर्तनसँगै संविधान सभामार्फत नयाँ संविधानको घोषणा, संघीयताको अवलम्बन तथा समावेशी विकासका विविध सिद्धान्तहरुको राजनीतिक प्रत्याभूति गरिएको छ । उल्लिखित कुराहरुलाई कार्य क्षेत्रमा लैजान यस मन्त्रालयको कार्यक्षेत्र अनुरुप पर्यटनको विस्तार ग्रामीण तहसम्म गरी यसको प्रतिफल जनस्तरसम्म पुऱ्याउन जरुरी छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विविधिकरण, विस्तार, विकास र प्रबर्द्धन गरिनु आवश्यक छ । आन्तरिक र बाह्य हवाई यातायातलाई सुरक्षित, स्तरीय र भरपर्दो बनाउँदै पर्यटन क्षेत्रको विकास र विस्तार आजको आवश्यक हो ।

नेपालमा पर्यटन क्षेत्रको ईतिहास हेर्दा वि.सं. २००७ साल पछि नेपालमा विदेशी पर्यटकहरु आउन थालेको पाईन्छ । यस पछि पर्यटन क्षेत्रका कार्यक्रमहरुलाई व्यवस्थित ढंगले अगाडि बढाउन वि.सं. २०१६ सालमा पर्यटन बोर्डको स्थापना भएको थियो । वि.सं. २०१८ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत पर्यटन विभाग गठन गरिएको थियो । वि.सं. २०२९ को पर्यटन गुरुयोजना र प्रशासन सुधार आयोग, २०३३ को सिफारिस समेतका आधारमा पर्यटन क्षेत्रको योजनाबद्ध विकास तथा प्रबर्द्धन गर्न केन्द्रीय पर्यटन प्रशासनिक निकायको रुपमा वि.सं. २०३४ सालमा पर्यटन मन्त्रालयको स्थापना भएको पाइन्छ । वि.सं. २०३९ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गतको हवाई विभागलाई समेत समावेश गरी पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नामाकरण गरियो । मुलुकले अवलम्बन गरेको खुला बजारमुखी अर्थतन्त्रमा सरकारको भूमिका र कार्यक्षेत्रलाई व्यवस्थित गर्न वि.सं. २०५५ सालमा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतका २ (दुई) वटा विभागहरु हवाई विभाग र पर्यटन विभागलाई खारेज गरी क्रमशः नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल पर्यटन बोर्डको स्थापना गरियो । वि.सं. २०५७ सालदेखि संस्कृति क्षेत्रको समेत कार्य गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रुपमा नामाकरण गरियो भने वि.सं. २०६५ मा यस मन्त्रालयबाट

संस्कृति झिकिएकोमा पुनः २०६८ साल देखि संस्कृति समेत यसै मन्त्रालयमा राखी वर्तमान संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रुपमा कायम भएको हो ।

## १.२ अध्ययनको कार्यशर्त र कार्यदलको गठन

मुलुकमा भएको राजनीतिक परिवर्तन अनुरुप संविधान सभाबाट नेपालको संविधान जारी भई संघीयताको अवलम्वन गरिएको छ । नेपालको संविधानमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित कार्यहरुलाई संघीयता अनुरुप तीन तहका सरकारका कार्यमा बाँडफाँड हुन आवश्यक छ । संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा तीन तहका सरकारको कार्यसूची तथा सहवर्ती अधिकार बमोजिम यस मन्त्रालयको संगठनात्मक, जनशक्ति तथा साधनश्रोतसमेतको व्यवस्थापन गर्न आवश्यक पूर्व तयारी गर्न जरुरी रहेको छ । यस मन्त्रालयसँग सम्बन्धित कानूनहरु संविधान अनुरुप मिलान गर्ने कार्यको तयारी हुन आवश्यक छ भने प्रदेशमा रहेको जनशक्ति, श्रोत एवं सम्पत्तिको विवरण समेत अद्यावधिक हुन जरुरी छ ।

संघीय ढाँचामा नीतिगत, कानूनी, संगठनात्मक, तथा जनशक्तिको व्यवस्थापन गर्ने गरी कार्य अघि बढाउने गरी यस मन्त्रालयको (माननीय मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत “तत्काल सुधारको कार्य तथा कार्ययोजना -२०७२” समेत उल्लेख भएको छ । उल्लिखित कार्यका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न यस मन्त्रालयको मिति २०७२।०६।७ गतेको सचिवस्तरीय निर्णयबाट देहाय वमोजिमको कार्यदल गठन भएको छ ।

| | | |
|---|---|---|
| श्री घनश्याम उपाध्याय | सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संयोजक |
| सवै महाशाखा प्रमुखहरु, | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| श्री सुदर्शन ढकाल, | महानिर्देशक, पर्यटन विभाग | सदस्य |
| श्री भेषनारायण दाहाल | महानिर्देशक, पुरातत्व विभाग | सदस्य |
| श्री सञ्जिव गौतम | महानिर्देशक, नेपाल नागरिक उडड्यन प्राधिकरण, | सदस्य |
| श्री कमानसिह खत्री | उपसचिव (लेखा), संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| श्री पुष्पराज कट्वाल | उपसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य सचिव |

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छः

- नेपालका वर्तमान संविधान अनुरुप यस मन्त्रालय अन्तर्गत पर्ने कार्यहरुको पहिचान गरी संघ, प्रदेश र स्थानीय तहमा हुन सक्ने बाँडफाडका प्रारम्भिक खाँका तयार गर्ने,
- यस मन्त्रालय तथा अन्तर्गतको कार्यसम्पादन लागि आवश्यक पर्ने भावी संगठनात्मक खाँकाको प्रारम्भिक तयारी गर्ने,
- प्रदेशगत रुपमा यस मन्त्रालय अन्तर्गत रहेका निकायहरुको जनशक्ति, श्रोत र सम्पत्तिको विवरण तयार गर्ने,
- यस मन्त्रालयसँग सम्बन्धित नीति तथा कानूनहरु सुधारका लागि कार्यसूची बनाउने,

## १.४ अध्ययन विधि

कार्यदलले देहायको विधि अपनाई अध्ययन गरी यो प्रारम्भिक प्रतिवेदन तयार गरेको छ ।

- यस मन्त्रालयको हालको कार्यक्षेत्रसँग सम्बन्धित भई वर्तमान संविधानमा भएका व्यवस्थाहरुको अध्ययन गरी संविधान बमोजिम प्रतिवेदन तयार गरिएको छ ।
- यस मन्त्रालय अन्तर्गत तथा सम्वद्ध निकायहरुको कार्यक्षेत्र र संगठनात्मक संरचनाको अध्ययन गरिएको छ ।
- यस मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुसँग छलफल र परामर्श गरिएको छ ।
- मन्त्रालय र अन्तर्गतका निकायहरुको हुन सक्ने भावी समायोजन तथा व्यवस्थापनका सम्बन्धमा प्रारम्भिक सोच विकास गरिएको छ ।

भाग - २

# विद्यमान अवस्थाको विश्लेषण

## २.१ पर्यटन क्षेत्र

नेपाल पर्यटकीय दृष्टिले अत्यन्त रमणीय देश भएको र यहाँ पर्यटन सम्बन्धी कृयाकलापहरु बृद्धि हुन गई विदेशी पर्यटक आगमनको क्रम बढ्दै जान थालेपछि यस क्षेत्रमा कार्य गर्न छुट्टै संगठनको आवश्यकता महशुस गरी २०१८ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत रहने गरी पर्यटन विभाग खडा भएको देखिन्छ । विश्वव्यापीकरणको प्रभाव नेपालमा बढ्दै गई नेपाल पनि विश्व परिवेशमा प्रवेश गरेको सन्दर्भमा नेपालमा पर्यटकीय कृयाकलापहरुको बृद्धि हुनु स्वभाविकै हो । यी सम्पूर्ण परिस्थिति समेट्दै नेपाललाई पर्यटकको आकर्षणको रुपमा स्थापित गर्न र यससँग सम्बन्धित ट्राभल, टूर, होटल, पर्वतारोहण लगायतका विषयमा नियमन, अनुगमन तथा नियन्त्रणका लागि विभागस्तरबाट मात्र कार्यसम्पादन सम्भव नहुने भई २०३४ सालमा पर्यटन मन्त्रालयको स्थापना भएको हो ।

पर्यटन क्षेत्र अन्तरसम्बन्धित क्षेत्र भएकोले अरु क्षेत्रको सहयोग विना यस क्षेत्रका कार्यहरु प्रभावकारी रुपले गर्न सकिदैन । नीतिगत सवालहरु सम्बन्धित गर्न पर्यटन नीति, २०६५ मा व्यवस्था भए अनुसार सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय पर्यटन परिषदको गठन, माननीय मन्त्रीको अध्यक्षतामा पर्यटन विकास समन्वय समितिको व्यवस्था गरिएको छ । मन्त्रालयले पर्यटन सम्बन्धी नीति र कार्यहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनको कार्य गर्दछ । यसका साथै पर्यटन पूर्वाधारहरुको विकास, पर्यटन प्रबर्द्धन र बजारीकरणको समन्वय, पर्यटन उद्योगहरुको नियमन, सहजीकरण, पर्वतारोहण लगायतका पर्यटकीय क्रियाकलापहरुको संचालनको नियमन गर्दै आएको छ । मन्त्रालयले पर्यटन क्षेत्र सम्बन्धी कतिपय काममा आफै संलग्न भै आएको छ भने कतिपय कार्यमा अन्तर्गतका पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, विकास समितिहरु, पर्यटन कार्यालयहरु तथा स्थानीय निकायहरुबाट समेत गर्दै आएको छ ।

## २.२ हवाई नागरिक उड्डयन क्षेत्र

नागरिक उड्डयन क्षेत्र अन्तर्गत हवाई क्षेत्र, एयरलाइन्स, एयरपोर्ट आदि क्षेत्र पर्दछन् । नेपाल नागरिक उड्डयन प्राधिकरण छुट्टै ऐनद्धारा स्थापित विशिष्टिकृत संस्थाको रुपमा कार्यरत छ । उक्त प्राधिकरणले नागरिक उड्डयन सम्बन्धी नीतिगत विषयमा मन्त्रालयलाई सहयोग तथा सल्लाह दिने कार्यका अतिरिक्त विमानस्थल व्यवस्थापनका साथै उडान व्यवस्था लगायतका सम्पूर्ण कार्यहरु गर्ने गरेको छ । नागरिक उड्डयनको क्षेत्रमा मन्त्रालयले खास गरी द्धिपक्षीय र बहुपक्षीय हवाई सेवा सम्झौता सम्बन्धी कार्य, Operation Authorization कार्य र इजाजत प्रदान गर्ने कार्य, हवाई खेल (Aviation Game) को अनुमति दिने र

नियमन गर्ने कार्य गरिआएकोछ । हवाई क्षेत्रसम्वद्ध अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग आवद्धता, विमानको पार्टपूर्जाको सिफारिश, गैरपर्यटक भिषा सिफारिश जस्ता कार्य मन्त्रालयले गरी आएको छ भने आन्तरिक हवाई भाडा दर निर्धारण सम्बन्धी कार्य समेत गर्ने गरेको छ । विमानस्थलहरुको अडिट गर्ने, हवाई दुर्घटनाहरुको जाँचबुझको व्यवस्थापन एवम् प्रतिवेदन कार्यान्वयन अनुगमन लगायतका कार्यहरु गर्ने गरेको हो ।यस मन्त्रालयले नेपाल ईञ्जिनियरिङ्ग सेवाको एरोनटिकल समूह, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन समूह तथा सिभिल एभियसन उपसमूहको सेवा सञ्चालन समेत गर्दछ ।

## २.३ संस्कृति क्षेत्र

यस मन्त्रालयले अमूर्त संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्ने कार्य संस्कृति महाशाखा मार्फत गर्दै आएको छ भने पुरातात्विक वस्तुको संरक्षणका लागि पुरातत्व विभाग क्रियाशील छ । बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित प्रतिलिपि अधिकार संरक्षणको कार्यका लागि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले कार्य गर्दै आएको छ । नेपालको राष्ट्रिय संस्कृति, प्राचीन स्मारक र पुरातात्विक वस्तुहरु, संग्रहालयहरु, नेपालका भाषा, साहित्य, कलाकौशल, नाट्य, संगीत, जात जाति, सम्प्रदाय विशेषका मौलिक संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका लागि नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्यांकनको कार्य गर्ने तथा मित्र राष्ट्रहरुसंग साँस्कृतिक सम्झौता एवं साँस्कृतिक आदान प्रदान गर्ने, मातहतका लुम्बिनी क्षेत्र, पशुपति क्षेत्र, बृहत्तर जनकपुर क्षेत्र लगायतका कोष, परिषद्, संस्थान, विकास समिति सम्बन्धी कार्यहरु समेत यस मन्त्रालयले गर्ने गरेको छ।

## २.४ कार्य विभाजन नियमावली २०७२ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र

१. संस्कृति, पर्यटन तथा हवाई यातायात विकास सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. पर्यटन तथा हवाई उद्योगको प्रवद्र्धन एवं संरक्षण,

३. ट्राभल र ट्रेकिङ एजेन्सी,

४. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित तालिमको नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

५. विश्व पर्यटन संगठन लगायत पर्यटन तथा हवाई यातायात सम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरु,

६. पर्वतारोहण र अन्य साहसिक पर्यटन क्रियाकलाप,

७. पर्यटनसंग सम्बद्ध संघ, संगठन, संस्थान र समितिहरु,

८. विमानस्थलको निर्माण, मर्मत, सम्भार, व्यवस्थापन,

९. हवाई यातायात तथा परिवहनको सञ्चालन तथा व्यवस्था,

१०. हवाई यातायात सम्बद्ध संस्थान, प्राधिकरण तथा संगठनहरु,

११. संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघ तथा नागरिक उड्डयनसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थासितको सम्पर्क, सहयोग र समन्वय,

१२. नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सेवा सञ्चालन :–

(क) एरोनटिकल इन्जिनियरिङ्ग समूह,

(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग समूह,

(ग) सिभिल एभिएसन अपरेसन तथा इन्जिनियरिङ्ग समूह ।

## २.५ हालको कार्य प्रकृति विश्लेषण

यस मन्त्रालयले गर्ने कार्यहरुलाइ मुलभूत रुपमा कार्यको प्रकृतिको दृष्टिबाट देहाय बमोजिम विश्लेषण गर्न सकिन्छ ।

**नीतिगत कार्य:**

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी नीतिहरु तर्जुमा, पुनरावलोकन र परिमार्जन सम्बन्धी कार्य ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी ऐन, नियम, निर्देशिका, कार्यविधि र कार्य प्रणाली निर्धारण गर्ने ।
- मित्रराष्ट्रहरु तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग द्विपक्षीय, वहुपक्षीय, क्षेत्रीय सम्झौता सम्बन्धी कार्यहरु ।

**प्रबर्द्धन सम्बन्धी कार्य**

- पर्यटन प्रबर्द्धन सम्बन्धी महत्वपूर्ण कार्यक्रम सञ्चालन । जस्तो- नेपाल भ्रमण बर्ष १९९८, नेपाल पर्यटन बर्ष २०११, लुम्बिनी भ्रमण बर्ष २०१२ आदि,
- पर्यटन प्रबर्द्धन सम्बन्धी कार्य,
- संस्कृति प्रबर्द्धनको कार्य,

- प्रबर्द्धन गर्ने निकायहरु जस्तो- पर्यटन बोर्ड कोषहरु विकास समितिहरु मातहत कार्यालयहरुबाट गरिने प्रबर्द्धनात्मक,
- जनचेतनामूलक सूचना प्रवाह,
- विभिन्न दिवस र कार्यक्रम आयोजना ।

**विकास कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन र मूल्यांकन सम्बन्धी कार्य:**

- तीनवटै क्षेत्रमा विकास कार्यक्रम तर्जुमा, बजेट तयारी लगायतका कार्यहरु,
- पर्यटन पूर्वाधार विकास, पर्वतीय पर्यटन विकास र प्रबर्द्धन, संरक्षण र विकास, पुरातात्विक वस्तुको उत्खनन्, संरक्षण, संग्रहालय सम्बन्धित निर्माण, हवाई सुरक्षा सम्बन्धी विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने, कार्यान्वयनको अख्तियारी दिने, अनुगमन र मुल्यांकन सम्बन्धी कार्यहरु ।

**सेवा प्रवाह तथा नियमन सम्बन्धी कार्य:**

- पर्यटन उद्योग हवाई उद्योगहरुको दर्ता, नविकरण, अनुगमन, मुल्यांकन, खारेजी, कारवाही, प्रोत्साहन, सम्मान, पुरस्कार दिने आदि कार्यहरु
- पर्वतारोहण साहसिक पर्यटन र हवाई उड्डयन सम्बन्धी खेलहरुको लागि अनुमति दिने,
- सम्बन्धित तीनवटै क्षेत्रमा आउने विदेशीहरुको गैर पर्यटक भिषा सिफारिस गर्ने,
- निजी क्षेत्रसंग सहकार्य सहजीकरण नियमन सम्बन्धी कार्य,
- पर्यटन/हवाई उद्योगहरुको दर्ता नवीकरण इजाजत दिने कार्य,
- पूर्वाधार विकास कार्य,
- प्रबर्द्धन सम्बन्धी कार्य (पर्यटन र संस्कृति),
- मन्त्रालय अन्तर्गतका प्रतिष्ठान, कोष, बोर्ड, संस्थान, समितिहरुलाई निर्देशन, नियन्त्रण, समन्वय, सहजीकरण तथा नियमन गर्ने कार्य ।

**अनुसन्धानमूलक कार्य**

- पर्यटन संस्कृति र नागरिक उड्डयनका क्षेत्रमा अध्ययन अनुसन्धान सम्बन्धी कार्य,
- पर्यटन गन्तव्य र उपजको पहिचान र विकास सम्बन्धी कार्य,
- साँस्कृतिक सम्पदाहरुको संरक्षण प्रबर्द्धन संरक्षण सम्बन्धी कार्य,
- अमूर्त साँस्कृतिक सम्पदाहरुको खोज अनुसन्धान अध्ययन संरक्षण सूचीकरण सम्बन्धी कार्य,
- हवाई दुर्घटना जाँच सम्बन्धी कार्य,
- हवाई सुरक्षाको अध्ययन ।

**दैनिक प्रशासन सञ्चालन**

- जनशक्ति विकास र कर्मचारी प्रशासन सम्बन्धी कार्य
- आर्थिक प्रशासन र खर्च व्यवस्थापन सम्बन्धी कार्य
- अभिलेख व्यवस्थापन सम्बन्धी कार्य
- सूचना व्यवस्थापन सम्बन्धी कार्य
- मातहतका विभाग कार्यालयहरुको निरीक्षण अनुगमन नियन्त्रण र निर्देशन दिने कार्य
- मातहतका प्रतिष्ठान कोष प्राधिकरण बोर्ड संस्थान समितिका पदाधिकारीको नियुक्ति खारेजी ती निकायहरुको प्रशासनिक सुपरिवेक्षण अनुगमन निर्देशन सम्बन्धी कार्य ।

माथि उल्लेखित कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन सम्पादन गर्नु नै प्रस्तुत संगठन पुनर्संरचनाको उद्देश्य हो ।

## २.६ यस मन्त्रालयसँग सम्बन्धित ऐनहरु

- प्राचीन स्मारक संरक्षण ऐन, २०१३
- गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५
- नेपाल वायुसेवा निगम ऐन, २०१९
- पर्यटन ऐन, २०३५
- लुम्बिनी विकास कोष ऐन, २०४२
- पशुपति क्षेत्र विकास कोष ऐन, २०४४
- अभिलेख संरक्षण ऐन, २०४६
- नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४
- नेपाल सङ्गीत नाट्य प्रतिष्ठान ऐन, २०६४
- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४
- नेपाल पर्यटन वोर्ड ऐन, २०५३
- नेपाल नागारिक उड्डयन प्राधिकरण ऐन, २०५३
- वृहत्तर जनकपुर क्षेत्र विकास परिषद ऐन, २०५५
- प्रतिलिपि अधिकार ऐन, २०५९

## २.७ यस मन्त्रालयसँग सम्बन्धित नीतिहरु

- पर्यटन नीति, २०६५
- राष्ट्रिय हवाई नीति, २०६३
- राष्ट्रिय संस्कृति नीति, २०६७

## २.८ यस मन्त्रालयसँग सम्बन्धित नियमहरु

- गैर सैनिक हवाई उडान (दुर्घटना जांच) नियमहरु, २०२४
- होटल, लज, रेष्टुराँ वार तथा पथ प्रदर्शक नियमावली, २०३८
- ट्राभल र ट्रेकिङ्ग एजेन्सी नियमावली, २०६२
- जलयात्रा नियमावली, २०६३
- गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) नियमावली, २०५२
- विमानस्थल दस्तुर नियमावली, २०३८
- हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६
- प्राचीन स्मारक संरक्षण नियमावली, २०४६
- पर्वतारोहण सम्बन्धी नियमावली, २०५९
- प्रतिलिपि अधिकार नियमावली, २०६१
- नेपाल पर्यटन बोर्ड नियमावली, २०५५
- नेपाल नागरिक उड्डयन प्राधिकरण नियमावली, २०५८
- नेपाल नागरिक उड्डयन प्राधिकरण सर्टिफिकेसन नियमावली,
- नेपाल नागरिक उड्डयन प्राधिकरण खेलकूद नियमावली, २०६९
- नेपाल नागरिक उड्डयन प्राधिकरण (पहिलो संशोधन) नियमावली, २०७०
- गैर सैनिक हवाई उडान नियमावली, २०७१
- गैर सैनिक हवाई उडान (हवाई सुरक्षा) नियमावली, २०७१
- गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमवली, २०७१
- क्यासिनो नियमावली, २०७०

## २.९ यस मन्त्रालयसँग सम्बन्धित गठन आदेशहरु

- नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (गठन) आदेश, २०२९
- तारागाउं विकास समिति (गठन) आदेश, २०३४

- देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५०
- भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५१
- वुढानिलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- वौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३
- पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३
- हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३
- पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९
- राष्ट्रिय ताल संरक्षण विकास समिति (गठन) आदेश, २०६३
- रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति (गठन) आदेश, २०६३
- खप्तड क्षेत्र पर्यटन विकास समिति (गठन) आदेश, २०६३
- विराट क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- सलहेश क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- विदेह–मिथिला क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- सिम्रौन क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- चिसापानी क्षेत्र प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- लुम्बिनी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- कर्णाली क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६६
- वृहत्तर वराहक्षेत्र विकास समिति (गठन) आदेश, २०६६
- मेची पहाडी क्षेत्र पर्यटन प्रवद्र्धन विकास समिति (गठन) आदेश, २०६८

## २.१० यस मन्त्रालय र अन्तर्गत रहेका निकायहरु

### पर्यटन विभाग तथा अन्तर्गतका कार्यालयहरु

- पर्यटन कार्यालय, विरगञ्ज
- पर्यटन कार्यालय, पोखरा
- पर्यटन कार्यालय, नेपालगञ्ज
- पर्यटन कार्यालय, भैरहवा

- पर्यटन कार्यालय, काकडभिट्टा
- पर्यटन कार्यालय, जनकपुर
- पर्यटन कार्यालय, नाम्चे

**पुरातत्व विभाग तथा अन्तर्गत कार्यालयहरु:**

- राष्ट्रिय अभिलेखालय, रामशाहपथ
- राष्ट्रिय संग्रहालय, छाउनी
- राष्ट्रिय मुद्रा संग्रहालय, छाउनी
- राष्ट्रिय कला संग्रहालय, भक्तपुर
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, ललितपुर
- राष्ट्रिय धातुकला संग्रहालय, पाटन
- केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला, ललितपुर
- क्षेत्रीय संग्रहालय, धनकुटा
- क्षेत्रीय संग्रहालय, पोखरा
- क्षेत्रीय संग्रहालय, सुर्खेत
- कपिलवस्तु संग्रहालय, कपिलवस्तु
- गोरखा संग्रहालय, गोरखा
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, नुवाकोट
- स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, लमजुङ्ग
- गोरखा दरबार हेरचाह अड्डा, गोरखा
- हनुमानढोका दरबार हेरचाह अड्डा, काठमाडौं

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं**

**नारायणहिटी दरवार संग्रहालय, काठमाडौं**

## २.११ मन्त्रालय अन्तर्गत प्रतिष्ठान, कोष, बोर्ड, संस्थानहरु :

- नेपाल प्रज्ञा प्रतिष्ठान
- नेपाल प्रज्ञा प्रतिष्ठान
- नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

- नेपाल पर्यटन बोर्ड
- नेपाल नागरिक उड्डयन प्राधिकरण
- नेपाल वायुसेवा निगम
- साँस्कृतिक संस्थान
- लुम्बिनी बिकास कोष
- पशुपति क्षेत्र बिकास कोष
- बृहत्तर जनकपुर क्षेत्र विकास परिषद

## २.१२ यस मन्त्रालय अन्तर्गत रहेका विकास समितिहरु

**संस्कृति सम्बन्धी समितिहरु- ९**

- श्री पाथीभरा क्षेत्र विकास समिति, पाथीभरा, ताप्लेजुङ ।
- श्री बराह क्षेत्र विकास समिति, चतराधाम, सुनसरी ।
- श्री हलेसी महादेवस्थान विकास समिति, हलेसी, खोटाङ ।
- श्री हनुमानढोका दरवार संग्रहालय विकास समिति, बसन्तपुर ।
- श्री बुढानिलकण्ठ क्षेत्र विकास समिति, बुढानिलकण्ठ, काठमाण्डौ ।
- श्री बौद्धनाथ क्षेत्र विकास समिति, बौद्ध, काठमाण्डौ ।
- श्री पाटन संग्रहालय विकास समिति, पाटन ।
- श्री देवघाट क्षेत्र विकास समिति, देवघाट, तनहूँ ।
- श्री भानु जन्मस्थल विकास समिति, रम्घा, तनहूँ ।

**पर्यटन सम्बन्धी समितिहरु- १४**

- श्री तारागाउँ विकास समिति, ताहाचाल, काठमाण्डौ ।
- श्री नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति, रविभवन, काठमाण्डौ ।
- श्री पर्वतीय प्रशिक्षण विकास समिति, विशालनगर, काठमाण्डौ ।
- श्री खप्तड क्षेत्र पर्यटन विकास समिति, सिलगुढी, डोटी ।
- श्री राष्ट्रिय ताल संरक्षण विकास समिति, नयाँबानेश्वर, काठमाण्डौ ।
- श्री रुरु-रेसुंगा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति, तम्घास, गुल्मी ।
- श्री विदेह-मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति, जनकपुर ।

- श्री चिसापानी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, नेपालगंज ।
- श्री लुम्बिनी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, भैरहवा ।
- श्री सिम्रौनगढ क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, विरगंज ।
- श्री विराट क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, जनकपुर ।
- श्री कर्णाली क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, जुम्ला ।
- श्री सलहेश क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, जनकपुर ।
- श्री मेची पहाडी क्षेत्र पर्यटन प्रबर्द्धन विकास समिति, इलाम ।

**भाग- ३**

# नेपालको संविधानमा यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित व्यवस्थाहरु

संविधानसभावाट घोषणा भई कार्यान्वयनमा रहेको वर्तमान संविधानमा यस मन्त्रालयसँग सम्बन्धित व्यवस्थाहरु मुलभूत रुपमा निम्नानुसार रहेको देखिन्छ ।

- संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हक सम्बन्धी व्यवस्था रहेको छ । जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवद्र्धन र संरक्षण गर्ने हक हुने व्यवस्था रहेको छ ।
- संविधानको भाग-४ को धारा ५०(२) मा धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा कुनै भेदभाव गर्न नपाइने, सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै राष्ट्रिय एकता सुदृढ राख्ने राज्यको सामाजिक एवं सांस्कृति उद्देश्य रहेको देखिन्छ ।
- संविधानको धारा ५१ (ग) मा उल्लिखित सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति :

  - ❖ स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने,
  - ❖ ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासको लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,
  - ❖ सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने,
  - ❖ राष्ट्रिय सम्पदाको रुपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने,
  - ❖ समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने,
  - ❖ देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने ।
  - ❖ बहुभाषिक नीति अवलम्बन गर्ने ।

- संविधानको धारा-५१ (ठ) मा उल्लिखित पर्यटन सम्बन्धी नीति : नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने ।
- नेपालको संविधानले व्यवस्था गरे अनुरुप संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा संविधानको अनुसूची ५,६, ७,८ र ९ मा भएको व्यवस्था अनुसार यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरु र त्यसको तहगत बाँडफाँड निम्नानुसार रहेको छ ।

**संघको अधिकार सूची,**

- अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता
- पर्यटन दस्तुर
- केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान,
- हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल,
- वौद्धिक सम्पत्ति अन्तर्गतको प्रतिलिपि अधिकार
- पर्यटन नीति
- राष्ट्रिय महत्वका आयोगहरु
- पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारकहरु

**प्रदेशको अधिकार सूची**

- प्रदेश संग्रहालय
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
- पर्यटन सेवा शुल्क

**स्थानीय तहको अधिकारको सूची**

- पर्यटन शुल्क
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**संघ र प्रदेशको साझा अधिकारको सूची**

❖ पर्यटन

❖ क्यासिनो

**तीन तहको साझा अधिकारको सूची**

❖ पर्यटन शुल्क

❖ पुरातत्व, प्राचीन स्मारक र संग्रहालय

भाग - ४

# कार्य विभाजन गर्दा अवलम्बन गर्नुपर्ने सिद्धान्तहरु

## ४.१ सेवाको दक्षता र सन्निकटताको सिद्धान्त (Principle of Efficiency & Subsidiarity)

स्थानीय स्तरमा कार्य जिम्मेवारी दिंदा बढी मितव्ययी र प्रभावकारी हुने सार्वजनिक निकायका कार्यहरुलाई सकेसम्म तल्लो तहको सरकारमा दिनु पर्दछ जसले गर्दा सेवाप्रवाहमा कार्यकुशलता र स्थानीयहरुको आवश्यकता अनुसारको समेत हुने विश्वास गरिन्छ ।

## ४.२. आयतनको लाभको सिद्धान्त (Economies of Scale Principle)

कतिपय कार्यहरु यस्ता हुन्छन् जो जति ठूलो स्केलमा वितरण गरियो त्यति धेरै मितव्ययी हुन सक्दछ । त्यसैले जतिधेरै सेवाग्राही भयो त्यति मितव्ययी हुन सक्ने कार्यहरुलाई केन्द्रमा नै राख्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ ।

## ४.३. सामाजिक समावेशीकरणको सिद्धान्त (Principle of Social Inclusion and National Priority)

संविधानले नै सामाजिक समावेशीकरणलाई स्वीकार गरेको हुँदा कार्यविश्लेषण मार्फत संगठनात्मक कार्यहरुको निक्र्यौल गर्दा यस सिद्धान्तलाई पनि विशेष ध्यानदिनु जरुरी छ । त्यसैगरी राष्ट्रिय प्राथमिकता र लक्ष्यलाई पनि केन्द्रमा राखी संगठन संरचना र कामको बाँडफाँड गर्नु उपयुक्त हुन्छ ।

## ४.४ समता र आर्थिक स्थायित्वको सिद्धान्त (Equity and Economic Stability Principle)

देशका सबै नागरिकलाई समानस्तरको अवसर वा सेवा दिनु सरकारको दायित्व भएको हूदा यस किसिमका कामहरुमा प्रतिष्पर्धा सिर्जना गरिनु उचित हुँदैन । त्यसैले यसता कामहरु सकभर केन्द्रमा राख्दा उपयुक्त हुने देखिन्छ । सेवाहरुको वितरणमा विभिन्न तहका सरकारहरुबीच अनावश्यक प्रतिश्पर्धा नियन्त्रण गर्न पनि यस्ता कार्यहरुको दायित्व र व्यवस्थापन केन्द्रीय सरकारले लिनुपर्ने हुन्छ । मुलुकमा आर्थिक स्थायित्व कायम गर्ने कुरालाई पनि कार्य विश्लेषणमा विचार पु-याउनु पर्दछ । यसका लागि स्थानीय निकायको सट्टा केन्द्रमा कामको जिम्मेवारी दिँदा उपयुक्त हुने विषयहरु केन्द्रमा नै राख्नु पर्दछ ।

## भाग - ५

# कार्य विश्लेषण तथा तहगत बाँडफाँड

यस मन्त्रालयसँग सम्बन्धित नीति कानून तथा नियमहरुमा कार्य विभाजन नियमावली, २०७२ मा भएको व्यवस्था तथा हाल सम्म यस मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट भई रहेको कार्य सम्पादन समेतको आधारमा संघीयताको सन्दर्भमा निम्नलिखित कार्यहरुलाई शीघ्रताका साथ अघि बढाउनु पर्ने देखिन्छ ।

## ५.१ कानूनी सुधार :

यस मन्त्रालयसँग सम्बन्धित मूलरुपमा ३ वटा नीति, १४ वटा ऐन, १९ वटा नियम, २३ वटा गठन आदेश रहेको देखिन्छ । मुलुक नयाँ संविधानमार्फत संघीयतामा प्रवेश गरेको सन्दर्भमा कानूनी पक्षलाई सोही अनुरुप रुपान्तरण गर्नका लागि निम्नानुसार कार्य गर्नुपर्ने देखिन्छ ।

- प्राचिन स्मारक संरक्षण ऐन, २०१३, गैर सैनिक हवाई उडान (सिभिल एभिएसन), ऐन, २०१५, नेपाल वायुसेवा निगम ऐन, २०१९, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३, पर्यटन ऐन, २०३५, लुम्बिनी विकास कोष ऐन, २०४२, पशुपति क्षेत्र विकास कोष ऐन, २०४४, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ मा संघीयता अनुरुप तत्कालीन रुपमा गर्नुपर्ने आधारभूत संशोधन केही नेपाल ऐन संशोधन मार्फत भै सकेकोछ ।
- भाषा आयोग सम्बन्धी ऐन संविधान प्रारम्भ भएको एक वर्ष भित्र बनाई सक्नुपर्ने संवैधानिक प्रावधान अनुसार यस सम्बन्धी विज्ञ नियुक्त गरी यही चैत्र मसान्त भित्र व्यवस्थापिका संसदमा पेश गर्ने गरी कार्य अघि बढीरहेको छ ।
- पर्यटन ऐन, २०३५ आवश्यक संशोधनको मस्यौदा तयार गर्न पर्यटन विभागका महानिर्देशकको संयोजकत्वमा कार्यदल गठन भई काम अघि बढेको छ ।

## ५.२ नीतिगत पक्षमा गर्नुपर्ने सुधार,

- पर्यटन नीति, २०६५ लाई संघीयताको सन्दर्भ अनुरुप बनाउँदै, ग्रामीण पर्यटन, जलयात्रा, पर्वतीय पर्यटन लगायतका पक्षहरुमा सुधार गर्न कार्यदल गठन भईसकेको छ । उक्त नीति परिमार्जनका लागि विज्ञ छनौट गरी कार्यसम्पादन गराउने क्रममा रहेको छ ।

- राष्ट्रिय हवाई नीति, २०६३ लाई परिमार्जन गरी संघीयता अनुरुप बनाउने प्रयोजनका लागि यही आर्थिक वर्षमा कार्यक्रम रहेको छ ।

## ५.३ संगठनात्मक सुधार :

- नेपाल प्रज्ञाप्रतिष्ठान, नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान र नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको हकमा संविधानको अनुसूची ५ को १५ मा व्यवस्था भए अनुसार संघीय सरकार अन्तर्गत रहने स्पष्ट देखिन्छ ।
- नेपाल प्रतिलिपि रजिष्ट्रारको कार्यालय संविधानको अनुसूची - ५ (२४) मा भएको व्यवस्था अनुसार संघीय सरकारको कार्यक्षेत्रमा पर्ने देखिन्छ ।
- हाल रहेका ७ वटा पर्यटन कार्यालयहरुलाई प्रादेशिक पर्यटन इकाईको रुपमा रुपान्तरण गर्ने गरी प्रादेशिक सरकार अन्तर्गत रहने व्यवस्था गर्न उपयुक्त हुन्छ ।
- पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक संघको अधिकार सूचीमा रहेका छन् । अर्कोतर्फ तीनवटै तहका सरकारको साझा कार्यसूचीमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय रहेको हुँदा पुरातत्व विभाग अन्तर्गत रहेका संग्रहालयहरुको सम्बन्धमा थप अध्ययन गरी कुन कुन तहको सरकार अन्तर्गत रहने भन्ने निक्र्यौल हुन उपयुक्त हुने देखिन्छ ।
- संघ र प्रदेशको साझा कार्यसूचीमा पर्यटन रहेको हुँदा नेपाल पर्यटन बोर्ड संघीय सरकार अन्तर्गत रहन उपयुक्त देखिन्छ । प्रदेशगत रुपमा पर्यटन प्रवद्र्धन गर्न प्रादेशिक पर्यटन बोर्डहरु रहने व्यवस्था हुनु पर्छ । संघीय पर्यटन बोर्ड र प्रादेशिक पर्यटन बोर्डको सम्बन्ध स्थापित हुने गरी कानूनी आधार समेत तय हुनुपर्ने देखिन्छ ।
- हवाई उड्डयन र अन्तर्राष्ट्रिय विमानस्थल संघको अधिकार सूचीमा परेको हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल वायुसेवा निगम संघीय सरकारको कार्यक्षेत्रमा रहनु पर्ने देखिन्छ ।
- पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारक संघीय सरकारको अधिकार सूचीमा रहेको हुँदा ऐन द्वारा स्थापित तथा पुरातात्विक महत्व राख्ने प्राचीन धरोहरहरुको संरक्षण र विकास सम्बन्धी कार्यका लागि लुम्बिनी विकास कोष, पशुपति विकास कोष, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् संघीय सरकार अन्तर्गत रहन उपयुक्त देखिन्छ ।
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास प्रदेश र स्थानीय तहको सरकारको अधिकार क्षेत्रमा परेको हुँदा संस्कृति सम्बन्धी गठन आदेशबाट गठित विकास समितिहरु थप छलफल र तयारी गरी आवश्यकता अनुसार प्रादेशिक सरकार तथा स्थानीय तहको सरकार अन्तर्गत रहने गरी व्यवस्था गर्न उपयुक्त हुन्छ ।

- पर्यटन क्षेत्र संघ तथा प्रदेश सरकारको साझा कार्य सूचीमा परेको भएतापनि पर्यटन प्रवद्र्धनका लागि गठन आदेशबाट गठित विकास समितिहरु प्रदेश सरकारको अन्तर्गत राख्न उपयुक्त हुन्छ ।
- संघीय सरकारको कार्यक्षेत्रमा संस्कृति सम्बन्धी विषय समावेश भएको नदेखिएको हुँदा सांस्कृतिक संस्थानलाई प्रदेश सरकारको कार्य क्षेत्रमा राख्नु पर्ने देखिन्छ ।

## ५.४ संघ, प्रदेश तथा स्थानीय सरकार बीच हुने कार्यगत जिम्मेवारीको बाँडफाँड

| सि. नं. | कार्य जिम्मेवारी | संघ | प्रदेश | स्थानीय | कैफियत |
|---|---|---|---|---|---|
| १. | पर्यटन नीति तथा रणनीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने कार्य । | | | | |
| २. | नागरिक उड्डयन र अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने कार्य । | | | | |
| ३. | नागरिक उड्डयनलाई सुरक्षित, भरपर्दो र विश्वसनीय वनाउन हवाई सुरक्षा सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन गर्ने सम्बन्धी कार्य । | | | | |
| ४. | पर्यटन, नागरिक उड्डयन तथा संस्कृति सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरुसँगको समन्वय तथा यस सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता सम्बन्धी कार्यहरु । | | | | |
| ५. | पर्यटकीय स्थल र पर्यटन पूर्वाधारहरुको संभाव्यता अध्ययन, अनुसन्धान, विकास, विस्तार, संरक्षण र प्रबर्द्धन सम्बन्धी कार्य । | | | | |
| ६. | ट्राभल र ट्रेकिङ एजेन्सी दर्ता, नवीकरण तथा अनुमति | | | | |
| ७. | पर्यटन पूर्वाधारका मापदण्डहरु तयार गर्ने कार्य । | | | | |
| ८. | पर्यटन व्यवसायको विकास, विस्तार, सुधार सम्बन्धमा निजी क्षेत्र, पर्यटन व्यवसायीहरु र संघसंस्थासंग समन्वय सम्बन्धी कार्यहरु । | | | | |
| ९. | पर्यटन व्यवसाय र उद्योगको नियमन, वर्गीकरण, सहजीकरण । | | | | |
| १०. | पर्यटन व्यवसायको दर्ता, नवीकरण । | | | | |
| ११. | क्यासिनोको दर्ता तथा नवीकरण सम्बन्धी कार्य । | | | | |

| सि. नं. | कार्य जिम्मेवारी | संघ | प्रदेश | स्थानीय | कैफियत |
|---|---|---|---|---|---|
| १२. | क्यासिनो अनुगमन तथा नियमन । | | | | |
| १३. | पर्वतारोहण र अन्य साहसिक पर्यटकीय क्रियाकलाप । | | | | |
| १४. | वैदेशिक सहायताको समन्वय, प्राप्ति, अभिलेख र कार्यान्वयन सम्बन्धी कार्य । | | | | |
| १५. | वायुयान निर्माण तथा डिजाइन । | | | | |
| १६. | विमानस्थल निर्माण तथा संचालन सम्बन्धी मापदण्ड निर्धारण तथा अनुगमन । | | | | |
| १७. | नागरिक उड्डयन सम्बन्धि अन्तर्राष्ट्रिय सन्धी /सम्झौता र समझदारी । | | | | |
| १८. | वायुसेवा कम्पनीहरुको इजाजत सम्वन्धी कार्य । | | | | |
| १९. | हवाई भाडा निर्धारण, परिमार्जन र संशोधन सम्बन्धी कार्य । | | | | |
| २०. | निषेधित क्षेत्रमा हवाई उडान र अवतरणको सिफारिश सम्बन्धी कार्य । | | | | |
| २१. | हवाई रुटहरुमा पुनरावलोकन सम्बन्धी कार्य । | | | | |
| २२. | हवाई रुटहरुमा एयर नेभिगेशन सुविधाहरुको पहिचान, समन्वय र निर्णय सम्बन्धी कार्य । | | | | |
| २३. | नागरिक उड्डयन क्षेत्रले प्रयोग गर्ने संचार उपकरणहरुको फ्रिक्वेन्सी निर्धारणको सिफारिस सम्बन्धी कार्य । | | | | |
| २४. | एयर ट्राफिक सेवा प्रदान गर्ने सम्बन्धी कार्य । | | | | |
| २५. | वायुयानहरु संकट अवस्थामा परेमा, हराएमा वा दुर्घटनाग्रस्त भएमा खोज, उद्धार, अनुसन्धान तथा जाँच एवम् समन्वय सम्बन्धी कार्य । | | | | |
| २६. | आन्तरिक विमानस्थलहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापन । | | | | |
| २७. | विमानस्थलको सुरक्षा र व्यवसायिक प्रयोग । | | | | |
| २८. | हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको सञ्चालन तथा नियमन । | | | | |
| २९. | हवाई उडान प्रशिक्षण संस्थाको संचालन र व्यवस्थापन । | | | | |

| सि. नं. | कार्य जिम्मेवारी | संघ | प्रदेश | स्थानीय | कैफियत |
|---|---|---|---|---|---|
| ३०. | मनोरञ्जनात्मक हवाई उडान तथा साहसिक उड्डयन गतिविधिको इजाजत, व्यवस्थापन र संचालन । | | | | |
| ३१. | वायुयान तथा वायुयानको पार्टपूर्जाहरूको उत्पादन, मर्मत तथा परीक्षण गर्ने संस्थाहरू लाई अनुमति दिने सम्बन्धी कार्य । | | | | |
| ३२. | विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र अग्नि निवारण तथा जीवनोद्धार सेवा उपलब्ध गराउने र खोज तथा उद्धार कार्यमा समन्वय गर्ने । | | | | |
| ३३. | विमानस्थलमा ग्राउण्ड ह्याण्डिलिंग सेवा सञ्चालन गर्ने, गराउने । | | | | |
| ३४. | नागरिक उड्डयनको क्षेत्रमा हवाई भाडा, विमानस्थलशुल्क, एयर नेभिगेसन सेवाशुल्क निर्धारण गर्ने तथा यसको अनुगमन गर्ने कार्य । | | | | |
| ३५. | नागरिक उड्डयनको क्षेत्रमा वायुसेवा, वायुयानमर्मत सम्भार संस्था, उड्डयन तालिम संस्था, विमानस्थल, एयर नेभिगेसन सेवा आदिलाई इजाजत दिने कार्य । | | | | |
| ३६. | पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारकको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन । | | | | |
| ३७. | प्रादेशिक रुपमा संस्कृति नीति तर्जुमा । | | | | |
| ३८. | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी कानून तर्जुमा । | | | | |
| ३९. | भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण, प्रयोग र विकास । | | | | |
| ४०. | प्राचीन तथा पुरातात्विक महत्वका क्षेत्रहरु सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा वैदेशिक सहायता परिचालन । | | | | |
| ४१. | युनेस्कोद्वारा विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन, अध्ययन, अनुसन्धान तथा थप खोजी तथा व्यवस्थापन । | | | | |
| ४२. | राष्ट्रभित्र रहेका सम्पूर्ण जाति, समुदाय एवं भौगोलिक विविधतायुक्त विशेषता भएको सांस्कृतिक संग्रहालयहरुको स्थापना, संचालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने । | | | | |

| सि. नं. | कार्य जिम्मेवारी | संघ | प्रदेश | स्थानीय | कैफियत |
|---|---|---|---|---|---|
| ४३. | ऐतिहासिक, धार्मिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मूल्य बोकेका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन गर्ने । | | | | |
| ४४. | राष्ट्रिय अभिलेखालयको स्तरवृद्धि तथा केन्द्रीय स्तरका अभिलेखालयहरुको व्यवस्थापन, संग्रहालयहरुको व्यवस्थापन र विकास । | | | | |
| ४५. | पुरातात्विक महत्वका स्थलहरुको संरक्षण, अध्ययन, खोज, अनुसन्धान, उत्खनन्, नियन्त्रण, विकास एवं व्यवस्थापन । | | | | |
| ४६. | विदेशी मित्र राष्ट्रहरुसँग भएका कुनै पनि सन्धि सम्झौताको दस्तावेज सुरक्षित साथ अभिलेखालयमा राख्ने । | | | | |

## ५.५ निष्कर्ष :

नेपाल सरकारको तत्कालीन सुधार कार्यक्रम यस मन्त्रालयको तत्काल सुधार कार्यक्रम कार्यान्वयन कार्ययोजना, २०७२ मा उल्लेख भए बमोजिम यस मन्त्रालयको वर्तमान कार्यक्षेत्रसँग सम्बन्धित रहेर वर्तमान संविधानमा व्यवस्था भए अनुरुप संघ, प्रदेश तथा स्थानीय तहमा हुनुपर्ने कार्यको मोटामोटी बाँडफाँडको खाकाँ पेश गरिएको छ ।

यसलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने देखिन्छ । यसका अतिरिक्त निम्न कार्यलाई तत्काल अघि बढाउने गरी कार्यदल गठन गरी कार्य हुन आवश्यक देखिन्छ ।

१. प्रदेशगत रुपमा यस मन्त्रालय अन्तर्गत रहेका निकायहरुको जनशक्ति, श्रोत र सम्पत्तिको विवरण तयार गर्ने ।

२. कार्यक्षेत्रको प्रारम्भिक बाँडफाँड बमोजिम संगठनात्मक तथा जनशक्तिको तत्कालीन संक्रमणकालीन व्यवस्थापन योजना बनाउने,

३. संक्रमणकालीन व्यवस्थापन योजनासँगै Human Resource Deputation को कार्ययोजना बनाउने ।

४. यस मन्त्रालयको कार्यक्षेत्र, संविधानमा भएको व्यवस्था, संक्रमणकालीन तयारी लगायतको विषयवस्तुहरुको सम्बन्धमा अन्तर्गतका सबै निकायका कर्मचारीहरुलाई सुसूचीत गर्ने ।